# नेपालमा खाद्य सुरक्षाको बहस कहाँबाट सुरु गर्ने ?

■ गङ्गादत्त आचार्य* र सोमत घिमिरे**

## विषयप्रवेश

नेपालमा खाद्य सुरक्षाको सवाललाई मूलतः प्राविधिक विषयका रूपमा लिने गरेको पाइन्छ। खाद्यवस्तु त्यसमा पनि केही खास कृषि उपजहरू (धान, गहुँ, मकै, कोदो र जौ) को उत्पादन कम भएकाले नै खाद्य असुरक्षा भएको हो कि जस्तो गरी यसको बहस अगाडि बढ्ने गरेको हामी पाउँछौं। त्यसैले कृषि उत्पादन र उत्पादकत्वको वृद्धिलाई नै खाद्य सुरक्षाको एक मात्र उपायका रूपमा चित्रण गरेको देखिन्छ।

अर्थशात्रका प्रख्यात वैज्ञानिक माल्थसले २०० वर्षभन्दा अघि प्रतिपादन गरेको जनसंख्यासम्वन्धी सिद्धान्तअनुसार कुनै पनि मुलुकको जनसंख्या वृद्धिदर सामान्यतया खाद्यवस्तुको उत्पादन वृद्धिदरभन्दा बढी हुने गर्दछ। यही असमान वृद्धिदरको परिणामस्वरूप निश्चित समय पश्चात् त्यहाँ उत्पादित खाद्यवस्तु, वृद्धिको उत्कर्षमा रहेको जनसंख्याका लागि पर्याप्त हुन सक्दैन र भोकमरीको अवस्था सृजना हुन्छ। हामीकहाँ माल्थसको यही सिद्धान्तले खाद्य सुरक्षाको बहसलाई आजसम्म पनि निर्देशित गरिरहेको पाइन्छ यद्यपि नोबेल पुरस्कार विजेता अमर्त्य सेनले आजभन्दा चालीस वर्ष अगाडि अर्थात् सन् ७० को दशकमा भोकमरीसँग खाद्यवस्तुको उत्पादनले उति सारो सम्बन्ध राख्दो रहेनछ भन्ने कुरालाई सैद्धान्तिक रूपमा नै पुष्टि गरिसकेका छन्। उनका अनुसार खाद्यवस्तुको पर्याप्त उपलव्धता हुनु खाद्य सुरक्षाका लागि आवश्यक सर्त त हो, तर त्यतिले मात्रै खाद्य सुरक्षाको सुनिश्चितता हन सक्दैन।

खाद्य असुरक्षाको कारण कृषि उत्पादनको कमी मात्र हुँदो हो त अमेरिकाजस्ता समृद्ध मुलुकमा खाद्य असुरक्षाको समस्या नरहनुपर्ने हो। आजपनि अमेरिकामा ५ करोडभन्दा बढी जनसंख्या खाद्य असुरक्षा र कुपोषणको जोखिममा बाँच्न बाध्य छन्। संसारभरको आँकडा केलाउने हो भने अहिले ९ अर्बभन्दा बढी जनसंख्यालाई पर्याप्त पुग्ने खाद्यवस्तुको उत्पादन भइरहेको देखिन्छ, जबकि संसारका करिब ६ अर्ब जनसंख्यामध्ये झण्डै एक अर्ब बीस करोड मानिस हरेक दिन भोकै सुत्न विवश छन्। नेपालमा पनि

*लेखक फियान नेपाल, काठमाडौंमा आबद्धभई खाद्य अधिकारको क्षेत्रमा काम गर्नुहुन्छ।

** लेखक सामुदायिक विकास संस्थासँग आबद्ध भई विकास र अधिकारको क्षेत्रमा काम गर्नुहुन्छ।

मौसम राम्रो भएको वर्ष सबै जनसंख्यालाई पुग्ने खाद्यवस्तुको उत्पादन भएकै छ (जस्तो २०६३/६४ साल) तर किन वर्षेनि एक चौथाईभन्दा बढी (हाल करिब ७० लाख) जनसंख्याले पेटभरि खान नपाउने अवस्था विद्यमान रहिरहेको होला ? अझ सरल शब्दमा भन्नुपर्दा बजारमा त थरीथरीका खाद्यवस्तु सहजै उपलब्ध छन् तर त्यही बजारमा कतिपय मानिसहरू खान नपाएर कयौं छाक भोकै बस्न किन बाध्य छन् त ?

हाम्रा खाद्यवस्तु केवल तिनै पाँच अन्न (धान, मकै, गहु, कोदो, फापर) मा मात्र सीमित छ र ? हाम्रा गाउँघर र विविध जातजाति र सम्प्रदाय विशेषमा प्रचलित विभिन्न खाद्यवस्तुहरू जस्तै : जंगलमा पाइने साग, सिस्नु, निगुरो, गिठा, तामा/टुसा, भ्याकुर, तरुल, आदि तथा खोलानाला र नदीबाट प्राप्त हुने घुँघी र माछा तथा अन्य खाद्यवस्तुहरू जस्तै आलु, भटमास, फापरलगायतले के खाद्य सुरक्षामा योगदान गर्दैनन् ? के आधारमा केवल धान, गहुँ र मकैजस्ता केही मुख्य अन्नबालीहरूलाई मात्र खाद्यान्नको श्रेणीमा राख्ने गरिएको होला ? यसरी तोकिएका खाद्यान्नभन्दा बाहेकवाट कति मानिसको जिविका चलेको होला ? यसमा गहिरो अनुसन्धान छैन । यतिबेलाको खाँचो भनेको खाद्यान्नको परिभाषालाई पुनःपरिभाषित गर्नु हो, खाद्यान्नहरूलाई बराबरको स्थितिमा पुऱ्याउनु हो । काउली खाँदा ठूलो हुने र निउरो खाँदा सानो हुने सामाजिक मान्यतालाई भत्काउनु हो । यी सवालमा गहिरिएर विचार नगरी खाद्य सुरक्षाको वास्तविकता थाहा पाउन सकिँदैन र हाम्रो गन्तव्य थाहा पाउन सकिँदैन ।

## खाद्य सुरक्षाको वास्तविकता

वास्तवमा एकाध अत्यन्त ठूला विपद्को अवस्थामा बाहेक भोकमरी वा खाद्य असुरक्षा सामान्यतया खाद्यवस्तुको पर्याप्त उत्पादन नभएको वा उपलब्ध नभएको कारणले होइन कि खाद्यवस्तुमा पहुँच हुन नसक्दाको कारणले सृजना हुने आर्थिक-सामाजिक समस्या हो । खाद्यवस्तुमा पहुँच हुन नसक्ने अवस्था दुई कारणले सृजना हुन्छ । एक-आफूलाई आवश्यक पर्ने खाद्यवस्तु उत्पादन गर्न पर्याप्त मात्रामा उत्पादनशील जमिन र अन्य साधन स्रोत नहुनु र अर्को-उपलब्ध खाद्यवस्तु किनेर खाने हैसियत नहुनु अर्थात पर्याप्त आम्दानी नहुनु ।

खाद्य असुरक्षाको कुरा गर्दा केवल केही बालीको उत्पादनका आँकडा र जनसंख्याको आकारको तुलना गर्नुभन्दा पनि हाम्रो समाजमा भोकै बस्न विवश हुने जनसंख्याको तप्का कुन हो भन्ने विषयमा स्पष्ट हुन आवश्यक छ । विभिन्न अध्ययन अनुसन्धानहले इङ्गित गरेअनुसार नेपालका भूमिहीन श्रमिक समुदाय, गरिब र सीमान्त आदिवासी एवं दलित समुदाय, ग्रामीण क्षेत्रका परम्परागत सीपमूलक व्यवसायवाट जीविका गर्दै आएका श्रमजीवीहरू, मुक्त कमैया/हलिया, साना कृषक समुदायहरू, राउटे, चेपाङ आदिजस्ता मूलतः घुमन्ते आदिवासीहरू, सहरी क्षेत्रमा बस्ने भरिया तथा अदक्ष कामदार समुदायलाई खाद्य सुरक्षाको दृष्टिमा जोखिममा रहेका समुदायको रूपमा चिनिन्छ । यस्तो तप्कामा समेत महिला, बालबालिका, वृद्ध र असक्तहरू सामान्यतया अझ बढी जोखिममा रहेका हुन्छन् । माथि उल्लेख भएको भोकै सुत्न विवश नेपालका ७० लाख भन्दा बढी जनसंख्या मूलतः यिनै वर्गमा पर्दछन् ।

खाद्य असुरक्षाको जोखिममा रहेका यस्ता समुदाय खोज्न मुलुकका दुर्गम पहाडी वा हिमाली क्षेत्रमा पुग्नु पर्दैन, सबैतिर भेट्न सकिन्छ । खाद्य सुरक्षाका बहसमा प्रायः उपर्युक्त पाँच प्रकारका बालीहरूको उत्पादन कम हुने पहाडी र हिमाली

जिल्लाहरूलाई स्वतः खाद्य असुरक्षित जिल्लाका रूपमा चित्रण गर्ने गरिएको पाइन्छ । जब कि वास्तविकता के हो भने ती जिल्लाहरूमा पनि सबै जनसंख्या खाद्य असुरक्षित हुदैनन् र खाद्य सुरक्षित भनिएका बाँकी जिल्लाहरूमा समेत भोकै बस्न विवश हुने घरपरिवार थुप्रै हुन्छन् । त्यसैले खाद्य असुरक्षा निरपेक्ष रुपमा न त भूगोलको समस्या हो न त उत्पादनको नै ।

त्यसो भए यस्ता खास वर्ग वा समुदाय नै खाद्य असुरक्षाको चपेटामा पर्नुको कारण के हुन सक्छ त ? कुरा त स्पष्टै छ हाम्रो जस्तो ग्रामीण क्षेत्र बाहुल्य मुलुकमा भूमिहीन हुनु वा पर्याप्त उब्जाउशील जमिनमा पहुँच नहुनु भनेको ग्रामीण जीविकोर्पानका मुख्य साधनवाट वञ्चित हुनु मात्र होइन, सामाजिक शक्ति सन्तुलनका हरेक आयाममा पछाडि पर्नु हो । त्यसैले भूमिहीन हुनु भनेको राम्रो शिक्षादीक्षा, भोजन र स्वास्थ्यको अवसरवाट वञ्चित हुनु हो, राजनीतिक-सामाजिक क्षेत्रमा अगाडि बढ्न नपाउनु हो । ज्यालामा ठगिनु वा चर्को ब्याजको मारमा पिल्सनु हो । आफूले उत्पादन गरेका सामाग्रीहरूले बजारमा यथोचित मोल नपाउनु हो । रोजगारीका राम्रा अवसरहरूमा पहुँच नहुनु हो । परम्परागत जीविकाका स्रोतहरू खुम्चिदै जानु र वैकल्पिक अवसरको यथोचित व्यवस्था हुन नसक्नु अर्को समस्या हो । समाजमा विद्यमान विभेद र शोषणका विभिन्न रूपले यस्तै समुदायलाई थिलोथिलो पार्ने गरेका छन् ।

यस्ता समुदायको हकमा मुलुकको कृषि उत्पादनको आँकडा घटे पनि र बढे पनि खाद्यवस्तुसम्मको तिनको पहुँचको स्तरमा उल्लेखनीय परिवर्तन हुँदैन । खाद्यवस्तुको उत्पादनमा चामत्कारिक वृद्धि भएको अवस्थामा भने मूल्य केही कम हुन जाने हुँदा कम आय आर्जन हुने समुदायले समेत केही सस्तोमा खाद्यवस्तु पाउन सक्ने अवस्था रहन्छ भन्ने तर्क पनि सुनिन्छ । तर हाम्रो जस्तो खुला बजार व्यवस्था रहेको मुलुकमा स्थानीय उत्पादनले बजार मूल्यमा त्यस्तो उल्लेखनीय फरक पार्न सक्ने अवस्था रहँदैन । त्यसैले सामान्य अवस्थामा, फलानो जिल्लामा यति खाद्यान्न अपुग छ वा फलानो जिल्लामा पर्याप्त खाद्यान्न उपलब्ध छ भन्ने जस्ता नितान्त प्राविधिक कुराले खाद्य सुरक्षाको सन्दर्भमा खासै अर्थ राख्दैन ।

खाद्य सुरक्षा र दीगो जीविकोपार्जनका अभियन्ताहरूले मनन गर्नैपर्ने आधारभूत कुरा के हो भने खाद्य असुरक्षा हाम्रो समाजमा विद्यमान सामाजिक-आर्थिक असमानता, विभेद र बहिष्करणको उपज हो । यसको समाधान समतामूलक दृष्टिकोणसहितको न्यायपूर्ण सामाजिक रूपान्तरणसँग अभिन्न रूपमा जोडिएको छ । तसर्थ, खाद्य असुरक्षाको सन्दर्भमा खोज्ने गरिएको प्राविधिक समाधानका उपायहरू अनुपयुक्त र अपर्याप्त मात्र छैननन् कतिपय अवस्थामा प्रत्युत्पादक समेत हुन्छन् ।

असमान सामाजिक शक्ति सन्तुलन र उत्पादनशील साधनस्रोतको स्वामित्व तथा अवसरको पहुँचमा रहेको यसप्रकारको एकाधिकार नतोडी खोजिने प्राविधिक समाधानका उपायले अन्ततः समाजका शक्तिसम्पन्नहरूलाई नै फाइदा हुन्छ र जोखिममा पारिएका समुदायको खाद्य सुरक्षाको प्रत्याभूति हुन सक्ने आधार तयार हुन सक्दैन । वर्तमान सामाजिक संरचना यथावत नै रहेको अवस्थामा मुलुकको कृषि उत्पादन बढ्दैमा उत्पादित अन्नले गरिब र भोका मानिस खोजेर आफै जाँदैन, गरिबको पहुँच सुनिश्चित गर्न विद्यमान सामाजिक-सांस्कृतिक, आर्थिक, कानुनी

र संस्थागत व्यवस्था तथा व्यवहारमा अर्थपूर्ण रुपान्तरण हुनै पर्दछ। यति हुँदाहुँदै पनि एउटा वास्तविकता चाहिं के हो भने अन्य क्षेत्र, जस्तैः उद्योग वा सेवाको क्षेत्रको विकास हुनुमा भन्दा कृषि क्षेत्रको विकास हुँदा गरिब र सीमान्त समुदायलाई राहत पुग्न सक्ने सम्भावना भने केही न केही बढी नै हुन्छ।

## खाद्य सुरक्षाको वैकल्पिक दृष्टिकोण

माथि नै चर्चा गरियो, हामीकहाँ खाद्य सुरक्षाको बहसमा कृषि उत्पादन वृद्धिलाई मात्र सबथोक ठान्ने दृष्टिदोष व्याप्त छ। परिणामस्वरूप खाद्य सुरक्षाका मूलधारको बहस केवल प्राविधिक विषय केन्द्रित हुने गरेको छ। तर माथिको चर्चाबाट के स्पष्ट गरियो भने खाद्य सुरक्षाका दुई आयाम छन् : प्राविधिक र सामाजिक-सांस्कृतिक वा राजनीतिक।

**खाद्य सुरक्षाको बहसमा बिर्सन नहुने पाटो के हो भने मानिसको जनजीविका संस्कृतिसँग पनि जोडिएको छ । तर अहिले सांस्कृतिक पाटोलाई पूरै बहिष्करणमा पारिएको छ । लोभलालचका पाहाड खडा गरेर सांस्कृतिक मान्यतालाई तिलान्जली दिन खोजिएको छ । जैविक विविधतायुक्त खेतीपाती प्रणालीलाई निषेध गरी एकल खेतीपाती प्रणालीलाई प्रोत्साहन गर्नु अनौठो नै हो । एउटा किसानले धान रोपिरहेको ठाँउमा आयआर्जनको लोभको जालमा पारेर उसलाई उखु र सुर्ती लगाउने बनाउन त सकिएला तर सांस्कृतिक रुपमा स्थापित पहिलो दिन धान भित्राउँदाको न्वागी चाड कहाँ रहन्छ ?**

खाद्य सुरक्षाका सम्बन्धमा मूलधारको दृष्टिकोण प्राविधिक पक्षमा मात्र केन्द्रित छ र यसले सामाजिक-सांस्कृतिक एवं राजनीतिक आयामलाई पूरै नजर अन्दाज गरेको पाइन्छ। त्यसैले यो दृष्टिकोण आफैमा अपर्याप्त त छँदै छ, त्यसमाथि उत्पादन वृद्धिलाई नै सबथोक ठान्ने प्रवृत्ति व्याप्त हुनु खाद्य सुरक्षाको क्षेत्रमा क्रियाशील सबैका लागि सोचनीय विषय बनेको छ। यही खोटपूर्ण दृष्टिकोणको प्रधानताका कारणले नै मूलधारका विद्वान्हरूले कृषकहरूले परम्परादेखि गर्दै आएका विविधतापूर्ण खेती प्रणालीलाई अनुत्पादक र जीवननिर्वाहमुखी ठान्ने गर्दछन् र रैथाने कृषि प्रणालीलाई नै खाद्य असुरक्षाको मूल कारणको रूपमा चित्रण गर्दछन्।

हाम्रा गाउँघरतिर अहिले पनि नियालेर हेर्ने हो भने एउटा कृषक परिवारको सानो घर हुन्छ त्यस वरिपरि केही फलफूलका बिरुवा, घरको नजिकै एउटा गोठ त्यहाँ एक हल गोरु, दुइटा बाख्रा, एउटा भैंसीका माउ/पाडा, एक दुइटा कुखुरा, एउटा सानो बारीमा तरकारी, करेसावारीको बारमा वा घरको छानामा फर्सी, घिरौंला वा तरुलजस्ता लहरे तरकारी, अर्को सानो प्लटमा कोदो, मकै जस्ता अन्नबाली, त्यसभित्र मूला वा आलु। बाह्य प्रभाववाट कम प्रभावित एउटा स्वाबलम्बी ग्रामीण परिवारको खेती प्रणालीको नमूना हो यो। यति राम्रो, व्यवस्थित र विविधतायुक्त कृषि प्रणालीमा कहाँ के खोट देखेर हो, मूलधारका विद्वान्हरु यसलाई अनुत्पादक र जीवननिर्वाहमुखी देख्दछन् र विकल्पको रूपमा व्यापारिक प्रयोजन हुन सक्ने एकल बाली प्रणाली जस्तै स्थानीय मकै खेतीको सट्टा कुखुराको दानामा प्रयोग हुने वर्णशंकर (हाईब्रिड) जातको मकै खेती वा अन्य कुनै नगदे बाली (सूर्ती, उखु, कफी आदि)को प्रवर्द्धनमा जोड दिने गर्दछन्। अझ पछिल्लो चरणमा आएर त व्यावसायिक खेतीका नाममा कफी वा जैविक इन्धनमा प्रयोग हुने सजिवनको खेतीतर्फ स्वावलम्बी कृषकलाई

आकर्षित गर्न, सरकार र कतिपय गैरसरकारी संघसंस्थासमेत लागिपरेको देखिँदै छ ।

यस प्रक्रियाले एउटा ग्रामीण परिवारलाई दिगो रूपमा खाद्य सुरक्षाको प्रत्याभूति दिन कसरी सक्छ, बुझ्नीनसक्नु छ । वास्तवमा यहाँनेर उदार अर्थनीतिअन्तर्गत बजारको व्यापक विस्तार र विकास गर्ने स्वार्थले मात्रै प्राथमिकता पाएको अवस्था देखिन्छ । यस प्रयोजनमा नाफाका आकांक्षी व्यवसायी/व्यापारीहरू र बढीभन्दा बढी राजस्व असुली गर्न चाहने सरकारी स्वार्थले बेग्लाबेग्लै रूपमा तर एउटै प्रयोजनमा काम गरेको हुन्छ । प्राकृतिक रूपमा सन्तुलित, विविधतायुक्त, स्वस्थकर, रैथाने ज्ञानमा आधारित र वास्तविक अर्थमा दिगो प्रकारको कृषि प्रणाली कायम रहने हो भने बजार बिस्तारमा आफ्नो स्वार्थसिद्ध गर्न चाहने साहु महाजनहरू र सरकार दुवैलाई बेफाइदा हुन्छ । त्यसैले सकेसम्म छिटो यसप्रकारको कृषि प्रणाली विस्थापित गर्नु उनीहरुको अभीष्ट रहनु स्वाभाविक छ । तर विडम्बना नै मान्नुपर्दछ, उदारवादी अर्थप्रणालीमा विश्वास नगर्ने र खुला बजारलाई सबथोक मान्न तयार नहुने कतिपय विद्वान्हरूले समेत विविधतासहितको स्थानीय खेती प्रणालीलाई खाद्य सुरक्षाको बाधकका रूपमा चित्रण गर्ने गरेको पाइन्छ र जानेर हो वा नजानी व्यावसायिक कृषिको वकालत गरिरहेको भेटिन्छ । रैथाने कृषिप्रणाली स्वावलम्बी ग्रामीण जीवनशैलीको उत्कृष्ट नमुना हो । नवउदारवाद र विश्व पुँजीवादको अन्यायी आर्थिक हैकमलाई कहीँकतै कसैले चुनौती दिन सक्छ भने यस्तै विविधतायुक्त, स्वावलम्बी जीवन पद्धतिले नै दिन सक्छ ।

यथार्थमा रैथाने कृषि प्रणालीअन्तर्गत खेती बालीवाट मात्र होइन पशुपक्षी र वनजन्य उत्पादनहरूले समेत प्रत्यक्ष र परोक्ष रूपमा परिवारको खाद्य सुरक्षामा योगदान दिइरहेका हुन्छन् । यसले खाद्य स्रोतह-रूको विविधतालाई समेटेको हुन्छ । स्रोतहरूको विविधताभित्र नै खाद्य सुरक्षाको बलियो आधार रहेको हुन्छ र त्यसैलाई समृद्ध तुल्याउन सके मात्रै दीगो खाद्य सुरक्षाको आधार तयार हुन सक्छ । व्यावसायिक कृषिको नाममा स्थानीय ज्ञान, सीप, साधन-स्रोत र विशेषतासहितको विविधतायुक्त खाद्य र कृषि प्रणालीलाई ध्वंस गरी बाह्य ज्ञान, सीप र साधन स्रोतमा आधारित एकल बाली प्रवर्द्धन गर्ने प्रकृतिका कृषिप्रणाली कुनै पनि अर्थमा खाद्य सुरक्षाका सहयोगी हुन सक्दैनन् । यद्यपि परम्परागत खेती प्रणालीमा कुनै प्रकारको खोट छैन र सुधारको आवश्यकता छैन भन्ने हुँदै होइन । तर ज्ञान, सीप, प्रविधिमा विद्यमान विविधतालाई समृद्ध तुल्याउने हिसाबका सुधार त्यहाँ वाञ्छनीय छन्, तिनको अन्त्य गर्ने सुधार होइन । खाद्य सुरक्षाको सार्थक वैकल्पिक दृष्टिकोणका साथ अगाडि बढ्न चाहनेहरूले यसको प्राविधिक आयामलाई यसरी नै बुझ्नु आवश्यक छ ।

खाद्य सुरक्षाको बहस गर्दा अघि माथि उल्लेख गरिएको एउटा किसानले आफ्नो लागि गरेको व्यवस्थापनको पद्धतिबारे छलफल गर्न जरुरी छ । आफूलाई चाहिने जति थोरै जग्गामा धेरै चिज लगाई गरिने व्यवस्थापन पद्धति के हो ? जैविक विविधताको दृष्टिकोणले यसको महत्व के हो ? यस्तो व्यवस्थापन विधिसँग सांस्कृतिक सम्बन्ध के छ ? छलफल र बहस गर्नुपर्ने बेला भएको छ । अहिलेको मूल धारले यस्तो व्यवस्थापन प्रणालीलाई निर्वाहमुखी व्यवस्थापन प्रणाली भनेर अपमान गरेको छ । वास्तवमा यो निर्वाहमुखी व्यवस्थापन प्रणाली हो त ? आत्मनिर्भर र

स्वाभिमानी कोणबाट बजार भन्दा टाढा बसी आफूलाई चाहिने जोहो आफैले गर्नु वास्तवमा खाद्य सम्प्रभुताको अभ्यास हो। तर, प्रविधि केन्द्रित विचारका नेतृत्व गर्नेहरू र अर्थशास्त्रीहरूबाट सबै कुरालाई पैसासँग हेर्दा आएको समस्या मात्रै हो। आफ्नो बारीमा के लगाउने, कसरी लगाउने, किन लगाउने ? भन्नेमा किसानले जब आफैले सोच्दछ र निर्णय गर्दछ। यो नै खाद्य सम्प्रभताको सबैभन्दा ठूलो अभ्यास हो।

अझ ठूलो अन्तरविरोध त जैविक विविधता संरक्षण र खाद्य सुरक्षाको सन्दर्भमा देखिएको छ। सरकार र विज्ञहरू केही क्षेत्रलाई मानव प्रवेश निषेध गराई अझ सैनिक राखेर जैविक विविधता संरक्षणमा संलग्न छन्। केही विशेष टापु निर्माण गरी जैविक विविधता संरक्षण गर्न खोजिएको छ तर एउटा किसानले आफ्नो बारीलाई जैविक विविधायुक्त बनाउँदा हामी त्यसलाई देख्नै सक्तैनौं र पछौटेको संज्ञा दिन्छौं। औपचारिक ज्ञानविना नै आफ्नो जीवनलाई चाहिने, आफ्नो खाँचो टार्ने हिसाबले जैविक विविधता संरक्षणमा अधिक योगदान गरेका छन तर यो योगदानको कदर भएको छैन। यस्तो योगदान गरेबापत उनीहरू निरन्तर अपमानित भएका छन्। तर धेरैजसो किसानले गरिरहेको संरक्षणको प्रक्रियाबाट न हामीले सिक्यौं न कदर गर्न जान्यौं। यसले किसानलाई निराशाको स्थितिमा पुऱ्याएको छ। वास्तवमा यस्तो व्यवस्थापन पद्धति प्रकृतिप्रेमी पद्धति हो भूउपयोगका हिसाबले सानदार तरिका हो। उदाहरणका लागि चेपाङहरूको खोरिया भूमिको पद्धतिलाई हेर्न सकिन्छ। उनीहरू एक खोरियामा खेतीपाती गरेपछि तीन वर्षसम्ममा त्यसमा केही रोप्दैनन्। माटोको दोहन र शोषण गर्नु हुँदैन भन्ने उनीहरूलाई थाहा छ। यो भन्दा ठूलो प्रकृतिप्रेम के हुन सक्छ, माटोको ममता के हुन सक्छ ?

खाद्य सुरक्षाको बहसमा बिर्सन नहुने पाटो के हो भने मानिसको जनजीविका संस्कृतिसँग पनि जोडिएको छ। तर अहिले सांस्कृतिक पाटोलाई पूरै बहिष्करणमा पारिएको छ। लोभलालचका पाहाड खडा गरेर सांस्कृतिक मान्यतालाई तिलान्जली दिन खोजिएको छ। जैविक विविधतायुक्त खेतीपाती प्रणालीलाई निषेध गरी एकल खेतीपाती प्रणालीलाई प्रोत्साहन गर्नु अनौठो नै हो। एउटा किसानले धान रोपिरहेको ठाँउमा आयआर्जनको लोभको जालमा पारेर उसलाई उखु र सुर्ती लगाउने बनाउन त सकिएला तर सांस्कृतिक रुपमा स्थापित पहिलो दिन धान भित्राउँदाको न्वागी चाड कहाँ रहन्छ ?

न्वागीसंग जोडिएका गाँउले-गाँउले बीचका सांस्कृतिक सम्बन्ध के होलान मूलधारले यो कहिल्यै खोजबिन गर्दैन। चाडपर्व र संस्कृतिसँग मानिसको सम्बन्धलाई तोडेर पैसाको बाटोतिर हिँडाउन खोजिएको छ। धनी हुने एम्बुस थापिएको छ। न आखिर कुनै किसान मूलधारको बाटोबाट धनी भएका नै छन्। अहिले गरिरहेको परम्परागत प्रणाली छोड्नु कथित नयाँ प्रणालीबाट ठगिनु किसानको नियति बनेको छ र मूलधारलाई चुनौती नदिने हो भने यो नियति अझै बढ्ने देखिन्छ।

●●●